**पृष्ठभूमि**: ऐतिहासिक संविधानसभाबाट प्राप्त जनादेश तथा व्यापक जनसमर्थन तथा उत्साह र अथाह भरोसाका साथ संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि गठन भएको पहिलो जननिर्वाचित राष्ट्रिय संयुक्त सरकारले आफ्नो कार्यभार सम्हालेको यहि मार्ग १४ गतेका दिन सय दिन पूरा भएको छ । जनयुद्ध, जनआन्दोलन तथा मधेश आन्दोलन लगायतका विभिन्न जनक्रान्तिमार्फत् मुखरित भएको जनभावनाअनुरूप मुलुकको आर्थिक, सामाजिक तथा राजनीतिक रूपान्तरणका सम्पूर्ण कार्यहरू सय दिनमा नै पूरा हुन सक्दछन् भन्ने सोचिनु व्यवहारिक हुन्न । तर पनि यस अवधिमा त्यसको आधारशिला तयार गर्न सकिन्छ भन्ने अठोट वर्तमान सरकारमा रहेको र सोहीअनुरूप सरकारका प्रयासहरू केन्द्रित गरिएका छन् ।

शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने, लोकतान्त्रिक तथा जनमुखी संविधानको निर्माण गर्ने, जनआकांक्षाअनुरूप राहत प्रदान गर्ने तथा आर्थिक सामाजिक रूपान्तरणको कार्यलाई सम्बद्ध सबै पक्षको सहयोगमा अगाडि बढाउने वर्तमान सरकारका प्रमुख प्राथमिकताका कार्य हुन् र संविधान सभाको निर्वाचनमा अभिव्यक्त जनादेश पनि त्यही हो । यिनै विषयलाई प्राथमिकताको सूचीमा राखी तोकिएको समयभित्र संविधान निर्माण गरी संघीय लोकतान्त्रिक गणतन्त्रको जग बलियो बनाउन सरकार प्रतिबद्ध रहेको छ । प्राथमिक स्वास्थ्य तथा शिक्षा एवम् रोजगारी जनताको मौलिक अधिकार हुन् भन्ने कुरालाई मनन् गरी सरकारले मुलुकको सामाजिक तथा आर्थिक विकासका नीति त्यहीअनुरूप रूपान्तरण गर्ने कार्य चालू आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटमार्फत् शुरु गरिसकेको छ । यसैगरी संक्रमणकालीन अर्थतन्त्रको प्रमुख आधार-सार्वजनिक-निजी साझेदारी (Public Private Partnership) हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै अर्थतन्त्रलाई सोही अनुरूप रूपान्तरण गरी स्वाधीन, स्वतन्त्र तथा प्रतिस्पर्धी अर्थतन्त्रको पूर्वाधार निर्माण गर्ने कार्य प्रारम्भ भइसकेको छ । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने प्रतिबद्धताअनुरूप स्थानीयस्तरमा शान्ति समिति गठन गर्ने, द्वन्द्वपीडित, शहीद परिवार तथा बेपत्ता पारिएका नागरिकहरूका परिवारलाई अन्तरिम राहत उपलब्ध गराउने तथा बृहत् शान्ति सम्झौताअनुरूप माओवादी सेनाका लडाकूलाई नेपाली सेनामा समायोजन गर्ने कार्य अगाडि बढाउन कार्यक्षेत्रगत विवरण (Terms of reference) तयार गरी नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमको समिति गठन गरिसकिएको छ । यसका अतिरिक्त विभिन्न राष्ट्रिय महत्वका सवालहरूमा प्रमुख राजनीतिक दलहरूसंग संवाद तथा सहमति गर्ने कार्यलाई वर्तमान सरकारले प्राथमिकता दिएको छ । प्रमुख प्रतिपक्षी दललगायत अन्य राजनीतिक दलहरूसंग सहमति र सहकार्यका लागि सक्रिय प्रयास पनि थालिसकिएको छ ।

सय दिन कुनै पनि सरकारका उपलब्धिको मूल्याङ्कन तथा मापन गर्ने समयावधि पर्याप्त होइन तथा सो अवधिमा त्यसो गर्नु सहज पनि हुँदैन । त्यसमा पनि वर्तमान सरकार कुनै एक राजनीतिक दलको एकल सरकार पनि होइन । विभिन्न पृष्ठभूमि, परिवेश, कार्यशैली तथा सिद्धान्त बोकेका दलहरूबीच सहमति कायम गर्दै अगाडि बढ्ने कार्य पनि त्यत्ति सहज हुँदैन । तसर्थ, मुलुकका सामु देखिएका साझा सरोकारका सवालहरूमा संभव भएसम्म सत्ता-साझेदार दलहरूवीच सहमति कायम गर्दै **साझा न्यूनतम कार्यक्रम**मा अभिव्यक्त प्रतिवद्धतालाई कार्यान्वयन गर्न वर्तमान संयुक्त सरकार प्रयासरत रहेको छ । संयुक्त सरकार संचालनका आफ्नै सीमा तथा बाध्यताहरू हुन्छन् । तिनै सीमा तथा बाध्यताको परिधिभित्र रहेर वर्तमान सरकारले कार्य प्रारम्भ गरेको सय दिनमा प्राप्त गरेको उपलब्धि तथा सामना

गरेका चुनौतीहरू महान नेपाली जनता सामु जस्ताको तस्तै सार्वजनिक गर्नु आफ्नो कर्तव्य ठानेको छ र सोहीअनुरूप सय दिनको अवधिमा भएका मुख्य मुख्य कार्य तथा उपलब्धिको विवरण देहायका बुँदामा प्रस्तुत गरिएका छन् ।

**आर्थिक तथा वित्तीय क्षेत्रको सुधार:** वर्तमान सरकार गठन भएपश्चात द्रुतत्तर आर्थिक विकासको आधार तयार पारी दुई अङ्कको आर्थिक वृद्धिदर कायम गर्ने उद्देश्यले विभिन्न सुधारका कार्यक्रम, मूलतः सार्वजनिक-निजी साझेदारी (Public–Private Partnership) को अवधारणाअनुरूप अगाडि बढाइएको छ । सरकारी क्षेत्रको भूमिका न्यायपूर्ण बितरण प्रणालीको स्थापना, आधारभूत संरचनाको विकास, ग्रामीण पूर्वाधारको विकास तथा बजार संयन्त्रको निर्माण तथा बजार प्रणालीको प्रभावकारी अनुगमन तथा नियमनमा केन्द्रित गर्दै उत्पादनशील क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन दिने तथा राष्ट्रिय प्राथमिकताका ठूल्ठूला परियोजना, खास गरी जलविद्युत् उत्पादनमा विदेशी लगानी प्रवर्द्धन गर्न लगानीसम्बन्धी नीतिमा संशोधन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसका अतिरिक्त, सरकारको नीति कार्यक्रममा उल्लेख भएअनुरूप लगानी बोर्ड स्थापना गर्ने कानूनी आधार तयार पार्न सोसम्बन्धी विधेयक तर्जुमा गरिसकिएको छ । यसले स्वदेशी तथा वैदेशिक लगानीलाई अर्थतन्त्रका प्राथमिकताका क्षेत्रमा सहजतापूर्वक प्रवर्द्धन गर्न प्रोत्साहन मिल्नेछ ।

- यस अवधिमा अर्थमन्त्रीबाट विश्व बैङ्क तथा अन्तराष्ट्रिय मुद्राकोषको बैठकमा भाग लिई नेपालले संक्रमणकालीन अर्थतन्त्र अन्तरगत अवलम्बन गरिएका आर्थिक नीति, बजेटमार्फत् शुरु गरिएका आर्थिक सामाजिक रूपान्तरणको सन्दर्भमा नयाँ नेपाल निर्माणसम्बन्धी कार्यक्रम तथा नेपालको शान्ति प्रक्रियाका सम्बन्धमा बैङ्क तथा कोषका उच्च पदाधिकारीहरूलाई जानकारी गराइएको र नयाँ नेपाल निर्माणको प्रयासमा बैङ्क तथा कोषबाट थप सहयोगका लागि प्रस्ताव गरिएको थियो । यसैगरी अन्य मुलुकका अर्थमन्त्री तथा अन्तरराष्ट्रिय सहयोगसम्बन्धी मन्त्रीहरूसंग भएको द्विपक्षीय वार्ता तथा छलफलमा पनि नेपालको शान्ति प्रक्रिया तथा जनमुखी बजेटको माध्यमबाट मुलुकको आर्थिक-सामाजिक रूपान्तरण गर्न गरिएका प्रयासहरूको जानकारी गराउँदै त्यसका लागि निःशर्त सहयोगका लागि अनुरोध गरिएको थियो ।

- अत्यन्त गरीव, पिछडिएका तथा स्रोत र साधनमा पहुँच नपुगेका वर्ग तथा क्षेत्रका जनताको हित तथा द्वन्द्वपीडित, शहीद तथा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारलाई राहत प्रदान गर्ने तथा ग्रामीण क्षेत्रमा लगानी बढाई पूर्वाधारको विकास तथा रोजगारीका थप अवसरहरू सृजना गर्ने गरी चालु आर्थिक वर्षको बजेट तर्जुमा गरिएको छ । यसै अवधिमा जनभावना मुखरित हुने गरी सरकारको नीति कार्यक्रम तथा बजेटको निर्माण गरी व्यवस्थापिका संसदबाट पारित भई कार्यान्वयनको प्रक्रिया शुरु गरिएको छ । नीति तथा कार्यक्रम र बजेटको इमान्दारीपूर्वक कार्यान्वयनबाट ग्रामीण क्षेत्र तथा बिपन्न वर्गको उत्थानको आधार तयार हुनेछ भन्ने विश्वास लिइएको छ ।

- प्राकृतिक प्रकोप तथा द्वन्द्वका कारण मर्कामा परेका र गरिबीको रेखामुनि रहेका साना किसान तथा घरेलु उद्यमीहरूलाई राहत दिने उद्देश्यले बजेटमार्फत् घोषणा गरिएको कृषि विकास बैंक, साना किसान विकास बैंक, नेपाल बैंक लि र राष्ट्रिय बाणिज्य बैंकबाट लिएको रु. ३० हजारसम्मको ऋणको पूरै सांवा तथा व्याज र रु. ३० हजारभन्दा माथि रु. १ लाखसम्मको ऋणमा बाँकी रहेको

पूरै व्याज तथा  हर्जाना व्याज मिन्हा गराउनको लागि “साना किसान तथा साना घरेलु उद्यमीलाई ऋण मिन्हासम्बन्धी कार्यविधि, २०६५” तयार भई लागू गरिसकिएको छ ।

- कर्मचारीहरूको निवृत्तिभरण उपलब्ध गराउने कार्य स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई प्रदान गरी विकेन्द्रित निवृत्तिभरण व्यवस्थापनको कार्य शुरु गरिएको छ । यसबाट सेवानिवृत्त राष्ट्रसेवकहरूलाई थप सुबिधा मिल्ने देखिन्छ । निवृत्तिभरणको क्षेत्रमा निजी क्षेत्रको प्रवेशलाई सहज बनाउने तथा निवृत्तिभरण क्षेत्रको नियमन गर्न छुट्टै कानूनको तर्जुमा गर्ने कार्य अगाडि बढाइएको छ ।

- राजस्व प्रशासनमा सुदृढीकरण तथा करका दरहरूमा सामान्य हेरफेर गरी चालु आर्थिक वर्षमा गत वर्षमा संकलित राजस्व भन्दा करीब ३१ प्रतिशत भन्दा बढी राजस्व उठाउने लक्ष्य राखिएकोछ । गत कार्तिक मसान्तसम्ममा कुल रु. ३२ अर्ब ९७ करोड ९२ लाख राजश्व संकलन भई गत वर्षको सोही अवधिको तुलनामा करीब ३५.४ प्रतिशतले राजस्व संकलनमा वृद्धि भएको छ । यसैगरी राजस्व प्रशासनको कार्यसम्पादनमा समग्र सुधार गरी राजस्वको संकलनमा लक्षित वृद्धिदर हासिल गर्न कार्यसम्पादन सुधार योजना, २०६५ तर्जुमा गरी लागू गरिएको छ ।

- कर नतिरी बसेका व्यक्तिहरूलाई करको दायराभित्र ल्याई राजस्व संकलन वृद्धि गर्न तथा त्यस्ता व्यक्तिलाई कर तिरी समाजमा सम्मानित रूपमा आफ्नो व्यापार व्यवसाय संचालन गर्न पाउने अवसर समेत उपलब्ध गराउने उद्देश्यले बजेटमार्फत् घोषणा गरिएको आयको स्वयम् घोषणा कार्यक्रम अनुसार कर नतिरेको जुनसुकै स्रोतबाट प्राप्त भएको आयको घोषणा गरी २०६५ माघसम्ममा आयको १० प्रतिशत कर तिरेमा उक्त सम्पत्तिको स्रोत नखोजिने व्यवस्था मिलाइएको छ । यसका लागि आन्तरिक राजस्व विभागले कार्य योजना बनाई कार्य प्रारम्भ गरिसकेको छ ।

- राजश्व चुहावट नियन्त्रणका लागि राजश्व अनुसन्धान विभागलाई क्रियाशील बनाइएको छ । साथै जनचेतना अभिवृद्धि गर्न काठमाण्डौ, विराटनगर, वीरगञ्ज, भईरहवा, नेपालगंज र धनगढीमा अन्तरक्रिया गरिएको छ ।

- करको दायरा विस्तार गरी राजश्व संकलन वृद्धि गर्न बजेट वक्तव्यमा उल्लेख भए बमोजिमका नियम अनुसार कर नतिरेका शैक्षिक परामर्श सेवा, निजी क्षेत्रका शिक्षण संस्था, शहरी क्षेत्रका सहकारी संस्था, इटा उद्योग, घरबहाल कर, मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्ने दायित्व भएका करदाताहरूलाई दिइएको स्किमहरू कार्यान्वयनका लागि निर्देशिका तयार पारिएको छ ।

- समीक्षा अवधिमा करीब रु १९ अर्ब बराबरको विदेशी सहायता परिचालन हुने गरी प्रतिबद्धता प्राप्त भएको छ, जसमध्ये अनुदान तर्फ रु १५ अर्ब ३ करोड तथा ऋण तर्फ रु ४ अर्ब ८७ करोड रहेको छ । वैदेशिक सहायता मुख्यतया शिक्षा क्षेत्रको सुधार कार्यक्रम, द्वन्द्वपीडित राहत कार्यक्रम, ग्रामीण पूर्वाधारको क्षेत्र, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, वैकल्पिक उर्जा, खाद्यान्न संचय आदि जस्ता क्षेत्रमा उपलब्ध भएको छ । वैदेशिक सहायता परिचालन नीतिमा समसामयिक परिमार्जन गर्ने कार्य अगाडि बढाइएको छ ।

- फजूल सरकारी खर्चमा नियन्त्रण गरी पूँजिगत खर्चमा वृद्धि गर्दै लैजाने नीतिअनुरूप सरकारी खर्चमा मितव्ययितासम्बन्धी निर्देशिका, २०६५ तर्जुमा गरी लागू गरिएको छ । यसले अनावश्यक सरकारी खर्चमा कटौती गरी सरकारी खर्चलाई बढी प्रतिफलमुखी बनाउने विश्वास गरिएको छ ।

- धितोपत्रको कारोबारलाई बढी प्रतिस्पर्धी तथा पारदर्शी बनाउन निर्देशिकाहरू जारी गरिएको छ । यसैगरी धितोपत्र बजारमा थप दलालहरूको प्रवेशलाई सुनिश्चित गरी बजारलाई बढी प्रतिस्पर्धी तथा पारदर्शी बनाउने कार्य अन्तिम चरणमा पुगिसकेको छ ।

- स्वास्थ्यका लागि हानिकारक मानिएको मदिराको बेचबिखनलाई व्यवस्थित गरी सुसंस्कृत समाजको सृजना गर्न तथा मदिराको अनियन्त्रित बेचबिखन तथा यसबाट भएको राजस्व चुहावटमा नियन्त्रण गर्न छुट्टै निर्देशिका यही मंसिर ३ गते देखि लागू गरिसकिएको छ । यस अन्तर्गत हालसम्म मुलुकभरिका १० हजारभन्दा बढी मदिरा व्यवसायीहरू दर्ता भइसकेका छन् ।

- नयाँ नेपाल निर्माण अभियान अन्तरगत संचालन गरिने करिब ६० वटा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि निर्देशिका तयार गर्ने तथा अन्य प्रारम्भिक कार्य पूरा गरी कार्यान्वयन प्रक्रियामा ल्याइएको छ ।

- गैरसरकारी संस्थाहरूले वैदेशिक सहायता प्राप्त गर्दा अपनाउनु पर्ने विधि तथा प्रक्रिया, सहायता प्राप्त गर्नु अघि नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने सूचना तथा प्राप्त गरेको सहायता राष्ट्रहितमा प्रयोग भए नभएको आदि विषयमा अनुगमन एवं सुपरीवेक्षण गर्ने व्यवस्थाका सम्बन्धमा अध्ययन गरी ३ महिनाभित्र प्रतिवेदन पेश गर्न गठित कार्यदलले कार्यारम्भ गरिसकेको छ ।

- हाल विश्व बजारमा देखिएको आर्थिक मन्दीले नेपालको अर्थतन्त्रमा पर्न सक्ने दुष्प्रभावको अध्ययन गरी त्यसको न्यूनीकरणका लागि अपनाउनु पर्ने नीतिगत तथा प्रक्रियागत सचेतता समयमै अपनाउन सरकारलाई सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरी कार्य प्रारम्भ भईसकको छ ।

- बजेटमार्फत् उद्घोष भएको वित्त नीतिअनुरूप मुलुकको मौद्रिक नीतिमा समसामयिक सुधार गरी नेपाल राष्ट्र बैङ्कले नयाँ मोद्रिक नीति जारी गरेको छ। मौद्रिक नीतिले अर्थतन्त्रमा रहेको तरलताको उचित व्यवस्थापनलाई ध्यान दिई विभिन्न मौद्रिक उपायहरू अवलम्बन गरेको छ ।

- गाउँ विकास समितिहरूलाई स्थानीयस्तरका विकास निर्माण कार्य गर्न सरकारबाट दिइने अनुदानको रकममा शतप्रतिशत वृद्धि गरी **'हाम्रो गाउँ राम्रो बनाऊँ'** कार्यक्रम संचालन गर्न संचालन कार्यविधि तयार पारिएको छ ।

- सरकारी क्षेत्रबाट दिइने सबै प्रकारका आर्थिक सहायता तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्थालाई एकीकृत गरी समसामयिक, पारदर्शी तथा न्यायसंगत बनाउन आर्थिक सहायतासम्बन्धी निर्देशिका तयार गरिएको छ ।

**लगानी तथा व्यापार प्रवर्द्धन** : मुलुकमा लगानीको वातावरणमा सुधार गरी स्वदेशी तथा विदेशी पूँजीलाई राष्ट्रिय महत्वका क्षेत्रमा प्रवाहित गर्न यस अवधिमा सरकारले आधारभूत कार्यहरू गरेको छ । यसका लागि विदेशी लगानी तथा औद्योगिक नीतिको मस्यौदा उपर विभिन्न सरोकारवालाहरूसंग अन्तरक्रिया गर्ने कार्य प्रारम्भ भइसकेको र यही मंसिर महिनाभित्र विराटनगर, वीरगञ्ज, भैरहवा, पोखरा, नेपालगञ्ज, धनगढी र काठमाण्डौमा हुने अन्तरक्रियाको आधारमा मस्यौदालाई परिमार्जन गरी स्वीकृत गरिनेछ । यसैगरी बाणिज्य क्षेत्रको समष्टिगत विकास, विस्तार र प्रवर्द्धनका लागि बाणिज्य नीतिमा परिमार्जन गर्ने कार्यलाई अन्तिम रूप दिइएको छ ।

- पर्यटन क्षेत्रमा समायानुकूल सुधार गरी निजी क्षेत्रको लगानी वृद्धि गर्न तथा यस क्षेत्रको योगदान राष्ट्रिय अर्थतन्त्रमा बढाउन नयाँ पर्यटन नीति तर्जुमा गर्ने कार्य अन्तिमचरणमा पुगेको छ । यसैगरी सूचना प्रविधि नीतिमा समायानुकूल सुधार गर्ने कार्य अगाडि बढाइएको छ ।

- भारतको नयाँ दिल्लीमा भएको नेपाल भारत अन्तरसरकारी समितिको वैठकमा द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (Bilateral Investment Promotion & Protection Agreement) गर्ने विषयमा छलफल गरिएको छ । दुई देशवीच यो सम्झौतामा हस्ताक्षर भए पश्चात मुलुकभित्र विदेशी लगानी प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने देखिन्छ ।

- यस अवधिमा तयारी पोशाक निकासीमा आएको अवरोध हटाई नेपाली तयारी पोशाकको भारत निकासीलाई सहज बनाइएको छ । भारतसंग गरिएको द्विपक्षीय वार्ताको माध्यमबाट तयारी पोशाकमा लागिआएको विशेष अतिरिक्त भन्सार हटाइएको छ । साथै वनस्पति ध्यूको निकासीमा लागू गरिएको Cannelization प्रणालीलाई अन्त्य गर्न भारत सरकार सहमत भएको छ ।

- हेटौडा कपडा उद्योग, गोरखकाली रबर उद्योग लि. र विराटनगर जुट मिल्सको पुनःसंचालनको कार्ययोजना तयार गर्न कार्यदल गठन गरी कार्य अगाडि बढाइएको छ । यसैगरी हेटौडा सिमेण्ट उद्योग संचालनपश्चात् त्यस उद्योगको ५ प्रतिशत शेयर उद्योगका कर्मचारीलाई र १० प्रतिशत शेयर सर्वसाधारणलाई विक्री गर्न आवश्यक व्यवस्था मिलाइँदैछ । वीरगंज चिनी कारखानाको पुनःसंचालनका लागि प्राविधिक पक्षको अध्ययन गर्ने कार्य अगाडि बढाइएको छ ।

- नेपाल औद्योगिक विकास निगमको व्यवस्थापन सुधारका साथै उक्त निगममा नेपाल सरकारको पूँजी ७० प्रतिशत कायम गरी पूँजी बजारबाट थप पूँजी परिचालन गर्ने सम्बन्धमा के कस्तो उपाय अवलम्बन गर्न सकिन्छ ? त्यसको अध्ययन गर्ने कार्य निगमबाट भइरहेको छ ।

- ढुंगाखानी संचालनसम्बन्धी नयाँ कार्यविधि तयार गरी लागू गरिसकिएको छ । स्वदेशी फलफूलमा आधारित साइडर तथा वाइन उत्पादन गर्ने उद्योगको इजाजतमा गरिएको नियन्त्रणलाई हटाइएको छ । सुर्खेत जिल्लामा सिमेन्ट उद्योग स्थापना गर्न इजाजत प्रदान गरिएको छ ।

- आगामी दश वर्षमा दश हजार मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय संकल्पअनुरूप जलविद्युत् ऐनमा समसामयिक सुधार गर्ने विधेयकको तर्जुमा गर्ने कार्य अन्तिम अवस्थामा रहेको छ । यसैगरी जलविद्युत् क्षेत्रमा छुट्टै नियामक संस्थाको गठन गर्न आवश्यक कानून तर्जुमाका लागि सो सम्बन्धी विधेयक व्यवस्थापिका संसदसमक्ष पेश गर्ने तयारी भइरहेको छ । नीतिगत सुधार गरी १०

मेगावाटसम्मको जलविद्युत् परियोजना स्थापना गर्न इजाजत नचाहिने गरी कानूनमा संशोधन गर्ने कार्य अगाडि बढाइएको छ ।

- विभिन्न ट्रेड युनियनसंग छलफल गरी विशेष आर्थिक क्षेत्र स्थापनासम्बन्धी कानून तर्जुमा गर्ने कार्यलाई अगाडि बढाइएको छ ।

- सन् २०११ लाई **"नेपाल पर्यटन वर्ष"** का रूपमा मनाउने कार्यक्रम स्वीकृत गरी सोही अनुरूप कार्य अगाडि बढाइएको छ । यसैगरी नेपाल वायुसेवा निगमका निम्ति २ वटा जहाज खरीद गर्न सरकार ऋण जमानी बस्ने बजेटको प्रतिबद्धताअनुरूप ऋणजमानीसम्बन्धी विधेयक व्यवस्थापिका-संसदबाट पारितसमेत भइसकेको छ ।

- नेपाल भारत बाणिज्य सचिवस्तरीय वार्ताको माध्यमबाट दुई देशबीचको बाणिज्य सन्धिमा समयानुकूल परिमार्जन तथा संशोधन गर्ने प्रक्रिया अन्तिम अवस्थामा पुगेको छ । यसैगरी नेपाल-भारतबीच रहेको रेलवे सेवा सम्झौतामा संशोधन गरी नेपालमा आउने Liquid Cargo तथा नेपाल भारतवीच फ्ल्याट (Flat) तथा ब्रेकब्लक (Break Bulk) कार्गो संचालन हुने व्यवस्था मिलाउने कार्य यसै अवधिमा शुरु भएको छ । साथै रोहनपुर सिंहवाद रेल्वे मार्गलाई पारवहन मार्गको रूपमा प्रयोग गर्न भारत सरकारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको छ ।

- बजेटमा उल्लेख भए बमोजिम सहकारी उपभोक्ता पसल संचालन गर्न सोसम्बन्धी निर्देशिकाको मस्यौदा तयार पार्ने कार्य पूरा भइसकेकोछ ।

- सार्वजनिक-निजी साझेदारी कार्यक्रम अन्तर्गत प्रशोधित वस्तु तेश्रो मुलुकमा निर्यात गर्न चाहने उद्यमीहरूलाई वनस्पति विभागको पाइलट प्लानमा प्रशोधन गुणस्तर परीक्षण गरी प्रमाणीकरण गरिदिने कार्य थालिएको छ ।

- काठमाण्डौ प्राकृतिक ग्याँस भण्डार, मकवानपुर (कालिटार) स्थित तामा खानी भण्डार तथा मकवानपुर (कर्‍रा खोला) स्थित सिलिका स्याण्ड भण्डारमा आधारित उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले उक्त भण्डारहरूको डाटा प्याकेज तयार गरी निजी लगानीकर्ताहरूबाट प्रस्ताव आह्वान गर्दा ताकिएको अवधिसम्ममा कालिटार तामा भण्डारको लागि दुई तथा प्राकृतिक ग्याँस भण्डारको लागि दुई वटा प्रस्ताव प्राप्त भएका छन् ।

- गौतमबुद्ध विमानस्थलको विस्तारका लागि जग्गा प्राप्त गर्ने कार्य सम्पन्न गरी मुआव्जा वितरणको कार्यका लागि तयारी भइरहेको छ । यसैगरी बारा जिल्लाको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न आवश्यक प्रक्रिया शुरु गरिनुका साथै पोखरा विमानस्थललाई क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्ने गरी निर्माण कार्य अगाडि बढाइएको छ ।

- श्रीअन्तु, हलेसी, मनकामना, गोरखनाथ, स्वर्गद्वारी, खप्तड, रामारोशन, गढीमाई सिम्रौनगढ जस्ता क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्य शुरु गरिएको छ ।

**कृषि तथा वन क्षेत्रको विकास :** ग्रामीण अर्थतन्त्र र रोजगारीको प्रमुख आधार मानिएको कृषिक्षेत्रमा लगानी वृद्धि गर्ने, यस क्षेत्रको व्यवसायीकरण गर्ने तथा सीमान्त किसानहरूको उत्थानका लागि विभिन्न कार्यक्रम संचालन गर्ने वर्तमान सरकारको नीति कार्यक्रममा उल्लेख गरिए बमोजिम कार्यक्रमहरू तर्जुमा गरिएका छन् ।

- दुर्गम पहाडी जिल्लाहरूमा देखिएको खाद्य संकट र मूल्यवृद्धिको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले पहिचान गरिएको खाद्य संकट सम्बोधन विशेष आयोजना तत्काल कार्यान्वयनमा ल्याउन गत कार्तिक १७ गते विश्व बैंकसंग आयोजनाको सम्झौता सम्पन्न भएको छ । खाद्यान्न न्यून भएका २२ वटा पहाडी जिल्लाहरूमा कामकालागि खाद्यान्न कार्यक्रम संचालनको व्यवस्था मिलाइएको छ ।

- यस अवधिमा भेडा-बाख्रामा महामारीका रूपमा देखापरेको पी.पी.आर. रोगविरुद्ध स्वदेशमै भ्याक्सिन (खोप) उत्पादन गरी भ्याक्सिनेशन कार्य गर्न ६ लाख ७९ हजार मात्रा भ्याक्सिन उत्पादन भएको छ । साथै नेपालमा बर्डफ्लू भित्रिन नदिनका लागि पांचै विकास क्षेत्रमा रोगको सर्भिलेन्स र निगरानीको कार्य सघन रूपमा संचालन गरिएको छ । यसैगरी सहकारी संघसंस्थाहरूको नियमनसम्बन्धी मापदण्ड लागू गरिएको छ ।

- बालीनालीमा लाग्ने रोग/कीराको एकीकृत व्यवस्थापनको लागि एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) सम्बन्धी आयोजनाको नर्वे सरकारसंग गत कार्तिक ११ गते सम्झौता सम्पन्न भएको छ ।

- तराई तथा शिवालिक क्षेत्रका लागि जैविक विविधता क्षेत्र कार्यक्रम (BISPE-ST) को अपेक्षित अर्को चरणको कार्यक्रमको लागि एस.एन.भी.संगको सहकार्यमा BISEPT-ST Consolidation Strategy Mission Beyond 2009 सम्बन्धी प्रतिवेदन तयार पारिएको छ । यसैगरी वन क्षेत्रको लैंगिक तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनमा ल्याइएको छ ।

- अनुवांशिक स्रोत र लाभको बांडफांड सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमाको कार्य अगाडि बढाइएको छ ।

- खप्तड त्रिवेणी सिमसार क्षेत्रलाई रामसार सूचीमा सूचीकृत गर्न मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भई सूचीकृत गर्ने कार्य प्रारम्भ गरिएको छ । त्यसैगरी इलामको माईपोखरी सिमसार क्षेत्रलाई रामसार क्षेत्रका रूपमा सूचीकृत गरिएको छ ।

- नेपाल हातेकागज उद्योगसंग सम्बन्धीत लोपोन्मुख विरुवा लोक्ताको तन्तु प्रविधिमार्फत बृहत मात्रामा उत्पादन गर्न Rooting सफल गराएर प्रविधि हस्तान्तरण गर्ने कार्य शुरु गरिएको छ ।

- मुलुकका २६ जिल्लामा सीमान्त कृषकहरूलाई राहत दिने उद्देश्यले रासायनिक मलको ढुवानीमा अनुदान दिइएको छ ।

- जडिवुटी निकासी प्रवर्द्धनका लागि यसको निकासीमा लाग्ने महशूल घटाइएको छ ।

**शान्ति निर्माण तथा प्रवर्द्धनः** विद्यमान शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने सिलसिलामा बिस्तृत शान्ति सम्झौता तथा संयुक्त मधेशी मोर्चा, चुरे भावर प्रदेश एकता समाज लगायतका समुहहरूसंग भएका सहमतिहरूको कार्यान्वयन गर्ने कार्य शुरु गरिएको छ । यिनै सम्झौता र सहमति अनुसार विभिन्न अदालतमा चलिरेहका राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता गर्ने कार्य भइरहेको छ । यस अवधिमा राजनीतिक प्रकृतिका ३७३ वटा मुद्दा फिर्ता गर्ने गरी निर्णय भइसकेको छ । त्यसैगरी आन्दोलनहरूको क्रममा घाइते भएका आन्दोलनकारीहरूलाई औषधोपचारको प्रबन्ध मिलाइएको छ ।

- सम्मानित सर्वोच्च अदालतको आदेश तथा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सशस्त्र द्वन्द्वको क्रममा वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा छानबिन गर्न तथा व्यक्ति वेपत्ता पार्ने कार्यलाई दण्डनीय तुल्याउन स्वतन्त्र, निष्पक्ष उच्चस्तरीय आयोगको स्थापना गर्ने लगायतका कार्यका लागि व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) विधेयक तर्जुमा गरी व्यवस्थापिका संसदसमक्ष पेश गर्ने व्यवस्था मिलाइएको छ ।

- द्वन्द्वका क्रममा शहादत प्राप्त गरेका तथा बेपत्ता पारिएका व्यक्तिहरूको परिवारलाई अन्तरिम राहतका लागि प्रति व्यक्ति रु १ लाख तथा महिलाको हकमा थप रु २५ हजार उपलब्ध गराउने निर्णय गरी रकम समेत व्यवस्था गरिएको छ । यस कार्यका लागि लगत तयार गर्न एक कार्यदल गठन गरी कार्य अगाडि बढाइएको र विश्व बैङ्कमार्फत् शान्ति प्रक्रिया सहयोग कार्यक्रम अन्तर्गत करीब ५ करोड अमेरिकी डलर प्राप्त हुनेगरी सम्झौता भइसकेको छ । यस प्रयोजनका लागि मृतकका हकवालालाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५ समेत लागू गरिसकिएको छ । मृतकका हकवालालाई राहत प्रदान गर्नका लागि मनाङ्ग र मुस्ताङ बाहेक ७३ जिल्लामा रु ८४ करोड निकासा दिई खर्चको अख्तियारी पठाई सकिएको छ ।

- शान्ति संचार अभियान संचालन गरी हाल मुलुकमा कायम भएको शान्तिको प्रवर्द्धन गर्ने उद्देश्यले नेपालमा पहिलो पटक गत असोज ५ गते देशव्यापी रूपमा "जनताको पहलमा शान्ति" भन्ने नाराका साथ अन्तरराष्ट्रिय शान्ति दिवस मनाइएको छ । यसैगरी दिगो शान्ति, द्वन्द्व व्यवस्थापन र पुनर्निर्माणका विषयमा सरकारी क्षेत्रबाट भए गरेका कार्यका सम्बन्धमा सबै जनसमुदायलाई सुसूचित गराउने उद्देश्यले साप्ताहिक रूपमा गत आश्विन महिनादेखि प्रत्येक शनिवार विहान ७.४० बजे १५ मिनेटको "शान्ति र पुनर्निर्माण" नामक कार्यक्रम रेडियो नेपालबाट संचालन गरिंदै आएको छ ।

- माओवादी सेनाका लडाकूहरू रहने शिविरको व्यवस्थापन, सुरक्षा व्यवस्थाको सुदृढीकरण, विस्थापितहरूको पुनःस्थापना, संविधान सभा एवं अन्य निकायहरूको निर्वाचन र शान्ति प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले शान्ति कोषको स्थापना गर्न लागू गरिएको शान्तिकोष (कार्यविधि) नियमावली, २०६३ मा परिमार्जन गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत् कार्य हुने गरी व्यवस्था मिलाइएको छ । यस व्यवस्थाबाट शान्ति प्रक्रियाको प्रवर्द्धनको लागि आवश्यक पर्ने स्रोत र साधन सहज ढङ्गले उपलब्ध हुने तथा खर्चसमेत एकद्वार प्रणालीमार्फत् हुन गई मितव्ययिता र प्रभावकारितामा अभिवृद्धि हुने विश्वास लिइएको छ ।

- शिविरमा रहेका माओवादी सेनाका लडाकूहरूको मासिक भत्ता वितरण गर्नेसम्बन्धी निर्देशिका तयार गरी शिविरमा रहेका माओवादी सेनाका लडाकूहरूको २०६५ भाद्रसम्मको १२ महिनाको वक्यौता मासिक भत्ता भुक्तानी गरिसकिएको छ । साथै शिविरमा रहेका लडाकूहरूलाई घुम्ती बैंकको व्यवस्था गरी व्यक्तिगत चेकबाट २०६५ कार्तिक महिनासम्मको मासिक भत्ता वितरण गर्ने कार्य शुरु भइसकेको छ ।

- विभिन्न शान्ति संयन्त्र स्थापना गर्दै मुलुकमा शान्ति अभियान संचालन गर्न सबै जिल्लामा स्थानीय शान्ति समितिहरू गठन गर्न "स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरू, २०६५" सम्बन्धी निर्देशिका तयार गरी कार्य शुरु गरिसकिएको छ । समितिलाई सरोकारबालाहरू सबैको प्रतिनिधित्व हुने गरी समावेशी बनाइएको छ । हाल सम्म ३३ वटा जिल्लामा स्थानीय शान्ति समिति गठन भई सकेका छन् ।

- विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान तथा राष्ट्रिय संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमले निर्देश गरेअनुरूप सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सन्दर्भमा आयोगको गठन, काम, कर्तब्य र अधिकार तथा कार्य प्रक्रियालाई ब्यवस्थित तुल्याउनको लागि आवश्यक पर्ने विधेयकको मस्यौदा तयार गरिएको छ । उक्त मस्यौदालाई अन्तिम रूप दिन सम्बन्धीत क्षेत्रका विज्ञ, विशेषज्ञ र सरोकारवालाहरूसंग छलफल गर्ने कार्य जारी रहेको छ ।

- स्थायी एवं दिगो शान्ति प्रक्रियालाई सुनिश्चित तुल्याउन र द्वन्द्वको प्रभावकारी व्यवस्थापन गर्ने, साथै राष्ट्रिय र स्थानीय तहमा शान्ति प्रक्रियालाई सुदृढ तुल्याउने समेतका उद्देश्यका साथ गठन गर्न लागिएको उच्चस्तरीय शान्ति आयोगको कार्यक्षेत्रगत शर्तमा (TOR) समायनुकूल समायोजन गर्ने कार्य भइरहेको छ ।

- राष्ट्रिय जीवनका सबै अङ्ग र क्षेत्रमा महिला सहभागिताको विस्तार गर्नुको साथै दलित, आदिवासी/जनजाति, मधेशी, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्न अवलम्बन गर्नुपर्ने उपायहरूको सम्बन्धमा नेपाल सरकारलाई राय सुझावसहितको प्रतिवेदन पेश गर्न  राष्ट्रिय समावेशीकरण आयोग गठन गर्न आवश्यक तयारी भइरहेको छ ।

- मुलुकका विभिन्न भागमा रहेका द्वन्द्वरत पक्षसंग वार्ता गर्न नेपाल सरकारको मिति २०६५।६।१७ को निर्णय अनुसार शान्ति तथा पुनर्निमाणमन्त्रीको संयोजकत्वमा स्थानीय विकासमन्त्री र शिक्षामन्त्रीसमेत सदस्य रहेको सरकारी वार्ताटोली गठन गरी तराईमा रहेका विभिन्न सशस्त्र समूहसंग अनौपचारिक सम्पर्क गरी वार्ताको वातावरण तयार गरिएको छ ।

- सशस्त्र द्वन्द्वको क्रममा मुलुकभरि छरिएर रहेका बारुदी सुरुंग तथा विष्फोटक पदार्थहरू हटाउने क्रममा हालसम्म मुलुकभरिका ५३ वटा सुरुँगमध्ये तीनवटा बारुदी सुरुंगहरू हटाइसकिएको छ । यस प्रयोजनका लागि गठित बारुदी सुरुंग प्राविधिक समितिको कार्यावधि एक वर्षको लागि थप गरिएको छ ।

**वैदेशिक सम्बन्ध विकास:** वैदेशिक सम्बन्धलाई अझ सुदृढ र प्रभावकारी तुल्याउदै यसलाई राष्ट्रिय हितअनुकूल समायोजन गर्दै लैजाने नीति वर्तमान सयुक्त सरकारले अवलम्बन गरेको छ । दुवै ठुला छिमेकी मित्रराष्ट्रको सद्भाव र सहयोग प्राप्त गर्दै ती मुलुकले प्राप्त भएको आर्थिक सामाजिक उपलब्धिबाट हामीले पनि फाइदा लिन सक्नुपर्दछ भन्ने मान्यता राखी द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन वर्तमान सरकार क्रियाशील रहेको छ । यसैअनुरूप उच्चस्तरीय भ्रमणहरूको आदान प्रदान पनि भएका छन् । यसै अवधिमा प्रधानमन्त्रीले ओलम्पिक खेलको समापनको अवसरमा मित्रराष्ट्र चीनको भ्रमण गरी त्यहाँका महामहिम राष्ट्रपति तथा प्रधानमन्त्रीसँग भेटवार्ता गर्नु भएको छ । यसैगरी मित्रराष्ट्र भारतका महामहिम प्रधानमन्त्रीको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्रीबाट भएको भारतको औपचारिक भ्रमणले दुई देशवीचको सम्बन्धमा नयाँ आयाम थपेको अनुभव गरिएको छ ।

- प्रधानमन्त्रीबाट भएको मित्रराष्ट्र भारत तथा चीनको भ्रमण दुई देशका नेताहरूबीच विचारहरूको आदान प्रदानमा मात्र सीमित नरही छिमेकी मुलुकहरूसंग रहेको मैत्रीपूर्ण सम्बन्धलाई नयाँ परिवेशमा अझ प्रगाढ तुल्याउन तथा आपसी सहयोगका क्षेत्र विस्तार गर्नमा पनि सहयोगी भएको विश्वास लिइएको छ ।

- प्रधानमन्त्रीको भारत भ्रमणमा नेपालमा भएको युगान्तकारी ऐतिहासिक परिवर्तन सुहाउँदो हुने गरी सन् १९५० को सन्धिलाई समयसापेक्ष समीक्षा, अद्यावधिक तथा समायोजन गर्ने सहमति हुनु भ्रमणको महत्वपूर्ण उपलब्धि मानिएको छ ।

- संयुक्त राष्ट्रसंघीय महासभाको ६३ औ महाधिवेशनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्रीवाट नेपालको परराष्ट्र नीति तथा अन्तरराष्ट्रिय सम्बन्धका विभिन्न पक्षमा नेपालको दृष्टिकोण स्पष्ट पारिएको थियो । नेपालको शान्ति प्रक्रियालाई विश्व समुदायले समर्थन गर्दै ठूलो अभिरुचिपूर्वक हेरिरहेको वर्तमान समयमा यस भ्रमणले विश्वका राष्ट्र तथा सरकार प्रमुखहरूको यो बृहत जमघटमा नेपालमा भएको ऐतिहासिक राजनीतिक परिवर्तनको बारेमा अन्तरराष्ट्रिय समुदायलाई अवगत गराउने महत्वपूर्ण अवसर प्रदान गरेको थियो ।

- भारतको राजधानी नयाँ दिल्लीमा गत कार्तिक २८ गतेका दिन सम्पन्न बंगाल खाडीका राष्ट्रहरूको बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोग (बिम्स्टेक) को दोस्रो शिखर बैठकमा प्रधानमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले भाग लिएको थियो । सो अवसरमा प्रधानमन्त्रीबाट नेपालमा भएको ऐतिहासिक राजनीतिक परिवर्तन तथा बदलिंदो राजनीतिक परिप्रेक्ष्यमा नेपाली जनताले चाहेको सामाजिक तथा आर्थिक क्षेत्रको आमूल परिवर्तनमा सहयोग पुऱ्याउन अनुरोध भएको थियो । बिम्स्टेक जस्ता क्षेत्रीय संस्थाहरूको माध्यमबाट गरिने आर्थिक तथा प्राविधिक सहयोगका प्रयासहरूमा नेपालको सक्रिय संलग्नता रहने विश्वास दिलाउँदै यस क्षेत्रमा जनस्तरमा रहेको आपसी सम्बन्धलाई अझै अभिवृद्धि गर्नका निमित्त नेपालमा बिम्स्टेक पर्यटन केन्द्रको स्थापना गर्न गरिएको प्रस्तावलाई सदस्य राष्ट्रहरूले समर्थन गरेका थिए । बिम्स्टेकको बैठकका अवसरमा भारतका महामहिम प्रधानमन्त्री डा. मनमोहन सिंहसँग भएको प्रधानमन्त्रीको भेटवार्तामा यसअघि दुई मुलुकबीच भएका सहमति र समझदारीको समीक्षा गरी दुबै देशका जलस्रोत, बाणिज्य तथा गृहसचिवस्तरमा भएका बैठकका उपलब्धिप्रति सन्तोष व्यक्त गरिएको थियो । त्यसैगरी उक्त बैठकका अवसरमा प्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीको स्तरबाट अन्य सदस्य राष्ट्रका राष्ट्र तथा

सरकार प्रमुख तथा विदेशमन्त्रीहरूसँग द्विपक्षीय तथा क्षेत्रीय हितका विषयहरूमा छलफल गरिएको थियो ।

- समीक्षा अवधिमा प्रधानमन्त्री, अर्थमन्त्री तथा परराष्ट्रमन्त्रीबाट भएको अमेरिकाको भ्रमणको क्रममा त्यहाँका विदेश विभागका उच्च पदाधिकारीहरूसंग छलफल गरी मुलुकको शान्ति प्रक्रिया, संविधान निर्माण तथा आर्थिक सामाजिक रूपान्तरणका क्षेत्रमा गरिएका प्रयासहरू अवगत गराई नेपालको विकास प्रयासमा संयुक्त राज्य अमेरिकाको सहयोगका लागि अनुरोध भएको थियो । यसैगरी परराष्ट्रमन्त्रीबाट भएको मित्रराष्ट्र भारत, डेनमार्क र दक्षिण कोरियाको भ्रमणले द्विपक्षीय सम्बन्धको विकासमा सहयोग पुऱ्याएको अनुभव गरिएको छ । कम्बोडियामा सम्पन्न अतिकम विकसित राष्ट्रहरूका बाणिज्यमन्त्रीहरूको बैठकमा नेपालले सहभागिता जनाई नेपालको अधिकार स्थापित गर्न विशेष पहल गरिएको छ ।

- प्रधानमन्त्रीको मैत्रीपूर्ण निमन्त्रणामा संयुक्त राष्ट्रसंघका महासचिव महामहिम बान की मुनद्वारा गरिएको नेपाल भ्रमणबाट नेपालको शान्ति प्रक्रिया, विकास र स्थायित्वप्रति संयुक्त राष्ट्र संघको ठूलो अभिरुची एवं समर्थन रहेको कुरा स्पष्ट भएको छ । यस भ्रमणले नयाँ नेपालको निर्माणमा संयुक्त राष्ट्र संघलगायत अन्तरर्राष्ट्रिय संघसंस्थाहरू तथा सदस्य राष्ट्रहरूबाट थप सद्भाव, सहयोग र समर्थन प्राप्त हुने विश्वास गरिएको छ । संयुक्त राष्ट्र संघका महासचिवबाट भएको लुम्बिनीको भ्रमणले गौतम बुद्धको जन्मस्थलको रूपमा रहेको लुम्बिनीलाई अन्तरराष्ट्रिय क्षेत्रमा अझ बढी परिचित गराउन सहयोग मिलेको छ ।

- यसै अवधिमा परराष्ट्रमन्त्रीको मैत्रीपूर्ण निमन्त्रणामा भारतका विदेशमन्त्री श्री प्रणव मुखर्जीबाट नेपालको मैत्रीपूर्ण भ्रमण भएको छ । यस भ्रमणले दुई देशको मित्रता र पारस्परिक सम्बन्धलाई अझ प्रगाढ तुल्याएको छ । यसैगरी बेलायतका अन्तराष्ट्रिय विकासमन्त्री श्री माइक फोस्टरको नेपाल भ्रमणले नेपाल र बेलायतबीच रहिआएको परम्परागत सम्बन्धलाई अझ बढी सुमधुर बनाएको छ ।

- एशिया तथा प्रशान्त क्षेत्रका लागि शान्ति तथा निशस्त्रीकरण केन्द्र (UN-RCPD) काठमाडौंमा स्थापना भएको छ । यसबाट शान्ति तथा निशस्त्रीकरणका क्षेत्रमा केही वर्ष अघिदेखि शुरु भएको “काठमाडौं प्रक्रिया” लाई नयाँ गति प्रदान गर्न मद्दत पुगेको विश्वास लिईएको छ ।

**सामाजिक न्यायको स्थापना:** यस अवधिमा संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम अनुसार उच्चस्तरीय वैज्ञानिक भूमिसुधार आयोगको अवधारणा पत्र तयार गरी छिटै आयोग गठन हुने गरी आधारपत्र तयार पारिएको छ । यसैगरी मुक्त कमैया तथा हलियाहरूको बसोबाससम्बन्धी कार्यलाई व्यवस्थित गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

- जनयुद्ध, जनआन्दोलन तथा मधेश आन्दोलन जस्ता जनक्रान्तिका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरीको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतको रजिष्ट्रेशन दस्तुरमा पूर्ण छुट दिने व्यवस्था मिलाइएको छ ।

- सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला, लापोन्मुख जाति लगायतका जनतालाई दिइने अनुदानको रकममा वृद्धि तथा नयाँ व्यवस्था गरी परिचय वितरण गर्ने लगायतका कार्यहरू गर्न निर्देशिका जारी भइसकेको छ ।

- मानव बेचविखन तथा ओसारप्रसारसम्बन्धी कार्यलाई नियन्त्रण गर्ने नियमावली स्वीकृत गर्ने तथा जेष्ठ नागरिकहरूको हकहितको सुरक्षा तथा उनीहरूको सम्मानलाई सुरक्षित गर्न यसै अवधिमा नियमावली तर्जुमा गरी लागू गरिएकोछ । घरेलु हिंसालाई नियन्त्रण गर्ने कानूनी व्यवस्था गर्न व्यवस्थापिका संसदसमक्ष विधेयक प्रस्तुत गरिएको छ ।

- अपाङ्गता भएका व्यक्तिहरूका लागि संचालनमा रहेको समुदायमा आधारित पुनःस्थापना कार्यक्रम (Community Based Rehabilitaiton) लाई यसै अवधिमा ५० जिल्लामा विस्तार गरिएको छ । बाल न्यायप्रणाली सुदृढीकरण कार्यक्रम थप ८ जिल्लामा विस्तार गरी संचालन गरिएको छ ।

- अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अनुमोदनका लागि गठित उच्चस्तरीय समितिबाट प्रतिवेदन तयार गरिएको छ ।

- महिलाहरूलाई समूहमा आबद्ध गराई आधारभूत तालिम प्रदान गरी सामाजिक आर्थिक सशक्तीकरणका लागि संचालित अभियानलाई थप ६०० गाउँ विकास समितिमा विस्तार गरिएको छ । यसैगरी महिला अधिकारसम्बन्धी मुद्दालाई सशक्त रूपमा कार्यान्वयन गराउन र लैङ्गिक दृष्टिकोणबाट संवेदनशील भई मुद्दाहरूको सुनुवाई गर्नका लागि ३० जना जिल्ला न्यायाधीशहरूलाई महिला कानूनी अधिकार सम्बन्धमा अभिमुखीकरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

- कृषि श्रमिकहरूको पारिश्रमिक तथा चिया वगानका प्रतिष्ठानहरू बाहेक सबै प्रतिष्ठानहरूमा काम गर्ने कामदार र कर्मचारीका लागि न्यूनतम पारिश्रमिक तथा महंगी भत्ता दर तोकिएको छ । यसैगरी श्रम आयोग गठन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

- दुई वर्षभित्र सबै नेपालीलाई साक्षर बनाउने राष्ट्रिय अभियानका लागि आवश्यक निर्देशिका तयार गरिसकिएको छ र आगामी माघ महिनादेखि पहिलो चरणको कार्य संचालन हुने व्यवस्था मिलाइएको छ ।

- प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गर्ने, सार्वजनिक विद्यालयहरूको शिक्षालाई कक्षा आठसम्म निःशुल्क गर्नुका साथै कक्षा नौ र दशमा शुल्क घटाउँदै लगी यसलाई क्रमशः निःशुल्क गरिने, कर्णाली अञ्चलका सार्वजनिक विद्यालयहरूमा अध्ययनरत सबै विद्यार्थीलाई र मुलुकभरका सबै दलित, लोपोन्मुख तथा अति सीमान्तकृत जातिका विद्यार्थीहरूलाई सार्वजनिक विद्यालयहरूमा १२ कक्षासम्म निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउने कार्यढाँचा तयार गरिएको छ ।

- सरकारी तथा निजी क्षेत्रबाट उपलब्ध हुने छात्रवृत्तिको वितरण प्रणालीलाई समय सामयिक बनाउन प्रचलित कानूनमा संशोधन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसैगरी २१ जिल्लाका विद्यालयहरूमा दिवाखाजा कार्यक्रम लागू गरिएको छ ।

- School Sector Reform कार्यक्रम अन्तरगत विभिन्न दातृ निकायको सहयोगमा कार्यक्रम संचालन गर्ने प्रारम्भिक कार्य पूरा गरिएको छ । यसैगरी विद्यालय शिक्षालाई दश जोड दुई मा रूपान्तरण गर्ने नीतिगत स्वीकृति प्रदान गरी कार्य प्रक्रिया अगाडि बढाइएको छ ।

- विभिन्न सरकारी तथा सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरी विद्यालयको व्यवस्थापन, संचालन तथा अनुगमनमा स्थानीय व्यक्ति तथा अविभावकहरूको संलग्नता कायम गर्ने नीतिअनुरूप यस अवधिमा ३९७ प्राथमिक, २४० निम्न माध्यमिक तथा १५१ सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिसकिएको छ ।

- ७५ वर्ष माथिका जेष्ठ नागरिकलाई मुटुरोगबाट बचाउन निःशुल्क उपचार गर्ने नीतिअनुरूप २७ जना जेष्ठ नागरिक तथा १५ वर्ष मुनिका १८६ जना बालबालिकाको मुटुको शल्यक्रिया निःशुल्क गरिएको छ । यसैगरी प्राथमिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ । यस्तो सुविधा जिल्ला अस्पतालबाट पनि उपलब्ध हुने व्यवस्था मिलाइएको छ । उपस्वास्थ्य चौकी र स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्ने नीतिअनुरूप हालसम्म ५०० वटा उपस्वास्थ्य चौकीलाई स्तरोन्नति गर्ने कार्य अगाडि बढाइएको छ । यसैगरी १५ शैयाको अस्पतालहरूलाई २५ शैयाको जिल्ला अस्पतालमा स्तरोन्नति गर्ने कार्य शुरु गरिएको छ ।

- महिलाहरूमा पाठेघर (आङ) खस्ने समस्याको रोकथाम र शल्यक्रियासम्बन्धी कार्यविधि निर्देशिका, २०६५ तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसैगरी सुरक्षित प्रसुतिको प्रोत्साहन कार्यक्रमलाई निःशुल्क प्रसुति सेवा कार्यक्रममा रूपान्तरण गर्ने प्रतिबद्धताअनुरूप कार्यक्रमलाई **"आमा सुरक्षा कार्यक्रम"**को नामाकरण गरी कार्यक्रम संचालनको कार्यविधि निर्देशिका तयार पारिएको छ । साथै यसै कार्यका लागि हिमाली र पहाडी जिल्लाको सबै गाउँ विकास समितिमा एक/एक वटाको दरले स्ट्रेचर र तराइका प्रति जिल्लामा १० वटाका दरले रिक्सा एम्बुलेन्स वितरण गर्ने कार्य अगाडि बढाइएको छ ।

- मुलुकमा रहेको मलेरिया, क्षयरोग तथा एच.आई.भी. एड्सको रोकथाम तथा नियन्त्रणका लागि ग्लोबल फण्डमार्फत् करीव अमेरिकी डलर ७ करोड ७० लाख उपलव्ध हुने गरी सम्झौता भएको छ ।

- स्वास्थ्यकर्मीहरूको व्यक्तिगत सुरक्षा व्यवस्थालाई सुदृढ गर्ने कानूनी व्यवस्थाका लागि व्यवस्थापिका-संसदसमक्ष स्वास्थ्यकर्मी सुरक्षासम्बन्धी विधेयक पेश गरिएको छ ।

- मुलुकमा सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमण बढ्दै गएकोले यस्ता जग्गाको संरक्षण गर्न सरकारी तथा सार्वजनिक जग्गाको लगत पुस्तिका प्रकाशन गर्ने कार्य अन्तरगत पर्वत, म्याग्दी, गोरखा, ललितपुर, कास्की, बाग्लुङ्ग, नुवाकोट, भक्तपुर, लमजुङ्ग, काभ्रे, चावहिल, धादिङ्ग, दाङ्ग र तनहुं गरी जम्मा १४ कार्यालयको पुस्तिका प्रकाशन गरिसकिएको छ । यसैगरी गाउँ विकास समितिबाटै मालपोत तिरोको रसिद तथा पासबूक उपलव्ध गराउने व्यवस्था मिलाइएको छ ।

- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट रुकुम उज्यालो कार्यक्रमको कार्ययोजना तयार गर्ने कार्य पूरा गरिएको छ ।

- २०६५।५।२१ मा हलिया मुक्तिको घोषणा गरी सुदूर र मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा पुस्तौंदेखि हलियाको रूपमा दयनीय जीवन बिताउन बाध्य भएका करीब १३००० हलियाहरूलाई मुक्ति दिइएको छ । उनीहरूको बसोबास तथा आय आर्जन लगायतका पुर्नस्थापनका कार्यक्रमहरू तर्जुमा भइरहेको छ ।

- अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको गिराबटसँगै यस अवधिमा दुई पटक मूल्यमा समायोजन गरी घटाइएको छ । प्रत्येक महिनाको ३ तारीखका दिन अन्तराष्ट्रिय मूल्यका आधारमा नेपाल आयल निगमबाट पेट्रोलियम पदार्थको मूल्य समायोजन हुने व्यवस्था मिलाइएको छ ।

- मुलुकका खाद्यान्न संकट भएका दुर्गम पहाडी जिल्लाहरूमा हवाई मार्गबाट खाद्यान्न ढुवानी गरी खाद्यान्न संकट समाधान गरिएको छ ।

**जलविद्युत्को विकास तथा जलस्रोतको उपयोगः** वर्तमान सरकारले आफ्नो नीति कार्यक्रममा जलविद्युत्को विकासलाई उच्च प्राथमिकता दिई सोही अनुसार यस क्षेत्रमा उच्च लगानी प्रवर्द्धन हुने वातावरण निर्माण गर्ने तर्फ लागेको छ । यस अवधिमा जलविद्युत् नीति तथा ऐनमा संशोधन गर्ने कार्य अगाडि बढाइएको छ । साथै साना तथा मझ्यौला जलविद्युत् आयोजनाको स्थापनाका लागि नेपाली लगानीकर्तालाई इजाजत दिइएको छ ।

- माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाका लागि नपुग वित्तीय स्रोत जुटाउने कार्य शुरु गरिएको छ । यसका लागि सरकारले नेपाल बिद्युत प्राधिकरणको सम्पत्ति धितो राखी आयोजनाको लागि वित्तीय व्यवस्थापन गर्न अनुमति प्रदान गरिसकेको छ । यसैगरी माथिल्लो कर्णाली तथा अरुण तेश्रो जलविद्युत् आयोजनाको सर्भे इजाजत पाएका कम्पनीहरूले कार्यालय स्थापना गरी कार्यारम्भ गरिसकेका छन् ।

- यस अवधिमा नेपाल बिद्युत प्राधिकरणले Gayatri Hydro Power P. Ltd. (चरणवती, दोलखा, ९८० कि.वा., Man Sarovar Pvt. Ltd (गोल्मागाड, डोटी, ६०० कि.वा.) र Nikhil Jalshakti Pvt Ltd. ( भईरव कुण्ड, सिन्धुपाल्चोक, १८५० कि.वा.) जस्ता निजी क्षेत्रका बिद्युत पावर कम्पनीसंग बिद्युत खरीद सम्झौता (PPA) सम्पन्न गरेको छ ।

- प्रधानमन्त्रीको मित्रराष्ट्र भारत भ्रमणको अवसरमा भारतीय सहयोगमा नौमूले बहुउद्देश्यीय आयोजना निर्माण गर्न सहमति भइसकेको छ ।

- नेपाल भारत-जलस्रोत सचिवस्तरीय (Joint Committee on Water Resources) तेस्रो बैठक गत आश्विन १३-१५ सम्म काठमाण्डौंमा सम्पन्न भई पञ्चेश्वर परियोजनालाई प्राथमिकताका साथ अगाडि बढाउने, पञ्चेश्वर विकास प्राधिकरण गठन गर्ने, जलस्रोतसम्बन्धी द्विपक्षीय मामिला हेर्न जलस्रोतमन्त्रिस्तरीय संयन्त्र निर्माण गर्ने तथा सप्तकोशीको बाँध शीघ्र पुनः निर्माण गर्ने लगायतका विषयमा महत्वपूर्ण निर्णय भएका छन् ।

- तल्लो चाकु जलविद्युत् आयोजना (१.८ मेगावाट) को उत्पादन अनुमतिपत्र प्रदान गरिएको छ । एक मेगावाट भन्दा बढी क्षमता भएका ४६ वटा र एक मेगावाट भन्दा कम क्षमताका जम्मा १२ वटा जलविद्युत् आयोजना गरी कुल ७९२.५ मेगावाट क्षमता बराबरको सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएको छ ।

- आगामी १४ डिसेम्बर २००८ मा उद्घाटन हुने ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्गदी जलविद्युत् आयोजनाको Wet Commissioning को कार्य पूरा भएको छ ।

- डीप तथा स्यालो ट्यूववेल सिँचाइ आयोजनाहरूतर्फ भूमिगत स्यालो ट्यूववेल, भूमिगत डीप ट्यूववेल र डीप तथा स्यालो ट्यूववेल सिँचाई आयोजनाहरूबाट ३५ वटा स्यालो ट्यूववेल र १ डीप ट्यूववेलको हाल विद्युत्तीकरण भई Boring गर्ने कार्य सम्पन्न भएको छ ।

- सिक्टा सिँचाई आयोजनाको निर्माणधीन हेडवर्क्सको Right Head Regulator को Super Structure को ५० प्रतिशत कार्य सम्पन्न भएको छ । क्रमागत ठेक्का अन्तर्गतको हेडवर्क्सको निर्माण सम्पन्न गर्न द्रुत गतिमा कार्य संचालन गरिएको छ । यसैगरी नयाँ प्रविधिमा आधारित सिँचाई आयोजना अन्तर्गत २० वटा आयोजनामा निर्माण सम्पन्न गर्ने गरी कार्य संचालन भइरहेको छ ।

- एशियाली विकास बैंक तथा ओपेक फण्डको ऋण सहयोगमा सँचालित समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (Community Mamage Irrogated Agricultural Support Prject) तर्फको First Batch का १२ वटा योजनाहरू PAC (Project Approval Committee) बाट स्वीकृत भई सो कार्यान्वयन हुने क्रममा रहको छ ।

- खाद्यान्न संकट भएका जिल्लाहरूमा सिँचाइको कार्यक्रम संचालन गर्न Irrigation and Water Resources Management Project (IWRMP) को लागि विश्व बैंकसंग थप ऋणका लागि सम्झौता भएको छ ।

- नदी वहाव परिवर्तन, माथिल्लो त्रिशूली जलविद्युत् योजना र राहुघाट जलविद्युत् योजनाको निर्माण कार्य तीब्र रूपमा अगाडि बढाइएको छ ।

**सार्वजनिक पूर्वाधार निर्माणः** समीक्षा अवधिमा चालु आर्थिक वर्षको बजेटको अधीनमा रही विभिन्न निर्माणका कार्यहरू संचालन भएका छन् । यस अवधिमा कोशीको तटबन्ध भत्किई पूर्व पश्चिम लोकमार्गमा आवागमन अवरोध भएको र त्यसको वैकल्पिक उपायको खोजीमा चतरा नजीक फेरी (Ferry) संचालन गर्ने तथा त्यसलाई जोड्ने गरी बाटो निर्माण गर्ने कार्य पूरा भएकोछ ।

- यस अवधिमा पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग) को दैलेख-जाजरकोट खण्ड तथा शहीद मार्ग (तिला-घर्तिगाउँ-थवाङ-रुकुमकोट) ट्रयाक खोल्ने कार्य तीब्रताका साथ अगाडि बढाइएको छ ।

- सोल्टीमोड-कलंकी-नागढुंगा सडक चौडा गर्ने कार्य र कलंकी चोकको सुधारको कार्य चालु राखी सडक पेटी निर्माण भएको छ । यसैगरी भीमदत्त राजमार्गको साथै डोटी-सांफेवगर, डडेलधुरा-बैतडी

सडक खण्डको विभिन्न स्थानहरूमा पहिरो गई अवरुद्ध हुन गएको बाटो निर्माण कार्य गरी सुचारु गरिएको छ ।

- सुर्खेत-जुम्ला, छिन्चु जाजरकोट (१०७ कि.मि.) र बाग्लुङ्ग-बेनी-जोमसोम सडकमा गएको पहिरो हटाई यातायात सुचारु गरिएको छ । यसैगरी उदयपुर जिल्लाको सोमवारे देखि ४.२ कि.मि. झोलुङ्गे पुलसम्म ५ मिटर चौडाई भएको सडक निर्माण कार्य सम्पन्न भएको छ ।

- गल्छी-त्रिशूली-स्याप्रुबेंसी, तामाकोशी-मन्थली-खुर्कोट तथा चाँगुनारायण-भक्तपुर सडक खण्डको स्तारोन्नतिकालागि प्राप्त बोलपत्रहरू मूल्याँकन भई सहमतिका लागि एशियाली विकास बैंकमा पठाइएको छ । यसैगरी चन्द्रनिगाहपुर-गौर, भालुबाङ्ग-प्युठान, चकचके-लिबाङ्ग, साँफेवर्गर-मंगलसेन, सुर्खेत-सियाकोट, तुल्सीपुर-सियाकोट सडक निर्माणका लागि ठेकेदार परिचालनको कार्य पूरा भइसकेकोछ ।

- जुम्लाको नाग्मा देखि मुगुको गमगढी सडक तथा देवस्थल-कैनडांडा सडकको ट्र्याक खोल्ने, जाजरकोट-डोल्पा तथा मुसिकोट-बुर्तिबांङ्ग सडकको निर्माण कार्य शुरु गरिएका छन् ।

- तराई-मधेश हुलाकी सडक, मनाङ्ग र बाजुरा जिल्लाका सदरमुकाम जोड्ने सडक, उत्तर- दक्षिण लोकमार्ग, काठमाण्डौ-तराई फास्ट ट्याक एवम् विभिन्न स्थानमा साना ठूला पुल निर्माण कार्यलाई तीब्रताका साथ अगाडि बढाइएको छ ।

- पाल्पा जिल्लास्थित बर्तुङ खानेपानी आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ । साथै, लाहानमा गत वर्ष निर्माण शुरु गरिएको ट्यूबवेलको कार्य २०६५ भाद्रमा सम्पन्न भई थप २० लाख लि. दैनिक पानी उत्पादन गरी वितरण गरिएको छ ।

- यस अवधिमा निर्माणाधीन रहेका खानेपानी आयोजनाहरू मध्ये बर्दिबास, बुधबारे, बिर्तामोड, बेलबारी तथा तुलसीपुर नगर आयोजनामा पानी वितरण गरी थप १ लाख ९ हजार जनता लाभान्वित भएका छन् ।

- वाग्मती नदी तथा यसका सहायक नदीहरूको अध्ययन गरी बाग्मती कार्ययोजना तयार गर्न राष्ट्रिय संरक्षण कोषसँग भएको Memorandum of Understanding अनुसार कार्ययोजना तयार भइरहेको छ ।

- काठमाडौं उपत्यकालाई एउटै योजना एकाइको रूपमा विकास गर्ने उद्देश्यले काठमाडौं उपत्यका शहरी विकास विधेयक तर्जुमा गरिएको छ ।

- मेलम्ची खानेपानी आयोजनाको सुरुङ्ग निर्माणको लागि CRCC-CMIIC JV संग ठेक्कापट्टा गर्न तथा मेलम्ची परियोजनाबाट प्रभावित हुने १४ बटा गाउँ विकास समितिमा सामाजिक उत्थान कार्यक्रम संचालनका लागि निर्देशिका तयार गरी एशियाली विकास बैंकमा सहमतिका लागि पठाइएको छ । शुरुङ्ग निर्माणका लागि आवश्यक पर्ने जग्गा अधिग्रहणका लागि सूचना प्रकाशित गरिसकिएको छ । । सुन्दरीजल एडिट प्रवेश मार्गको निर्माण कार्य चालू रहेको छ ।

**शान्ति सुरक्षा व्यवस्थापन**: वर्तमान संयुक्त सरकारले कार्यारम्भ गरे देखि नै जनभावनाअनुरूप मुलुकको शान्ति सुरक्षाको स्थितिमा सुधार गर्न यथेष्ट ध्यान दिएको छ । तापनि शान्ति सुरक्षाको समग्र स्थितिमा भने वाञ्छित सुधार हुन सकेको छैन । तराई मधेशका केही भूभागमा देखिएका केही सशस्त्र समूह तथा केही आपराधिक समूहको गतिविधिलाई पूर्णरूपमा नियन्त्रण गर्न नसकिएको भएता पनि काठमाण्डौं उपत्यका र मुलुकको अन्य भूभागमा भने शान्ति सुरक्षाको स्थितिमा उल्लेख्य सुधार आएको अनुभव गरिएको छ । यस अवधिमा काठमाण्डौं उपत्यकाको रात्रीजीवनमा आधारित व्यवसायका कारणबाट सृजित वातावरणले शान्ति सुरक्षा कायम गर्न निकै अपठ्यारो परेको महशूश गरी रात्री जीवनमा आधारित व्यवसायमा केही नियन्त्रण गर्ने प्रयास भएको छ । यसले शान्ति सुरक्षाको स्थितिमा सकारात्मक सुधार पनि आएको छ । यस अवधिमा उपत्यकामा संगठित रूपमा अपराधिक कार्य गर्ने केही गिरोहलाई प्रहरी प्रशासनले नियन्त्रणमा लिएको छ ।

- मदिराको बेचबिखनलाई नियन्त्रण गर्ने, राती ११ बजे पछि रेष्टुरेण्ट संचालन गर्न नपाउने तथा सवारी आवागमनलाई अवरोध गर्ने गरी फुटपाथमा बेचबिखन गर्ने कार्यलाई नियन्त्रण र व्यवस्थित गर्ने कार्य यसै अवधिमा शुरु गरिएको छ । यसबाट शान्ति सुरक्षाको स्थितिमा थप सुधार गर्न बल पुग्ने छ ।

- नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको संगठनात्मक संरचनालाई सुदृढीकरण गर्ने सम्बन्धमा सुझाव सहितको प्रतिवेदन दिन उच्चस्तरीय कार्यदल गठन भई कार्य शुरु गरिसकिएको छ ।

- यस अवधिमा भुटानी शरणार्थीहरूको पुनःगणनाबाट शरणार्थीको रूपमा दर्ता गरिएका करिब १ लाख १० हजार भुटानी शरणार्थीमध्ये १६ वर्ष उमेर पुगेका शरणार्थीहरूलाई परिचय पत्र वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

- साउदी अरेवियाको मक्का मदिना हज गर्न जाने करीव ४५० नेपाली हजयात्रीको खर्चको करिब ५० प्रतिशत रकम सरकारले व्यहोरिदिने व्यवस्था मिलाई राहत दिइएको छ ।

**प्राकृतिक प्रकोप व्यवस्थापन तथा राहत वितरण**: वर्तमान संयुक्त सरकारले सत्ता सम्हालेपछि मुलुकको पूर्वी भागमा कोशी तटबन्ध भत्किई तथा मध्यपश्चिम तथा सुदर पश्चिमाञ्चलमा बाढीको प्रकोप भई जनजीवनलाई आकान्त पारेको छ । कोशी नदीको तटबन्ध भत्किनाले करिब १०००० परिबार तथा मध्यपश्चिम र सुदर पश्चिमाञ्चलमा आएको बाढीबाट त्यत्तिकै संख्यामा मानिसहरू विस्थापित भएका छन् । यस्तो प्राकृतिक प्रकोपको प्रभाव न्युनिकरण गर्न तथा विस्थापित जनसमुदायको उद्धार, राहत तथा पुनःस्थापनाको कार्यका लागि उच्चस्तरीय अधिकारसम्पन्न समिति गठन गरी कार्य अगाडि बढाएको छ । दुबै क्षेत्रको बाढीपीडितको राहत तथा पुनर्निर्माणका कार्यका लागि प्रति क्षेत्रका लागि रु २ अर्ब पचास करोड रकमका दरले कार्यक्रम स्वीकृत गरेको छ ।

- विनियोजित रकम बाट खर्च गर्ने गरी मुलुकका पूर्व तथा मध्य र सुदूर पश्चिम तर्फका दुबै क्षेत्रमा विस्थापित भएका व्यक्तिहरूको उद्धार तथा राहतको लागि खाद्यान्न, लत्ता कपडा, औषधि उपचार तथा अस्थायी बसोबासको व्यवस्था मिलाई घर फर्किन चाहने नागरिकहरूका लागि प्रति परिवार रु

५० हजारसम्म अनुदान दिने व्यवस्था मिलाइएको छ । यसैगरी घर फर्कन संम्भब नभएका विस्थापितहरूको बसोबासका लागि छुट्टै कार्ययोजना बनाउन कार्यदल गठन गरिएको छ ।

- भत्किएका संरचनाहरूको पुनर्निर्माणको कार्यलाई क्षेत्रगत मन्त्रालयबाट पुर्ननिर्माणका लागि स्वीकृत कार्यक्रमको अधीनमा रही अगाडि बढाउने व्यवस्था गरिएको छ ।

- बाढीपीडित क्षेत्रमा स्वास्थ्य शिविर, अस्थायी अस्पताल सञ्चालन गरी पूर्वाञ्चलमा १,१४,१०८ र सूदुर पश्चिमाञ्चल क्षेत्रमा १८,७८५ जनालाई निःशुल्क उपचार सेवा उपलब्ध गराइएको छ । त्यसैगरी नेपाली सेनाको चिकित्सकसहितको मेडिकल टोलीलाई परिचालन गरी बाढीपीडित क्षेत्रका करिब ३५ हजार जनतालाई निःशुल्क उपचार सेवा उपलब्ध गराइएको छ ।

- सप्तकोशी नदीको कुशाहा क्षेत्रमा तटवन्ध भत्किई उत्पन्न समस्याका बारेमा भारत सरकारसंग समन्वय गरी कार्य गरिएको छ । साथै नेपाल तर्फको सप्तकोशी नदीका विभिन्न स्पर (वराह क्षेत्र - १ को ८ आर.डि. र १३ आर. डि. वीचका ५ र १२ नं. स्परको) को मर्मत सुधार र सुदृढीकरणको कार्य सम्पन्न भएको छ ।

**सार्वजनिक प्रशासन सुधार तथा सुशासन व्यवस्थापनः** सार्वजनिक प्रशासनमा रहेका विसंगतिहरूको अन्त्य गरी जनतामा सुशासनको प्रत्याभूति दिन यस अवधिमा देहायका कार्यहरू गरिएको छ ।

- संयुक्त सरकारको साझा कार्यक्रममा उल्लेख भए बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संरचनाअनुरूप मुलुकको सार्वजनिक प्रशासनमा गरिनु पर्ने सुधारहरूका सम्बन्धमा सुझाव र सिफारिस पेश गर्न सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा गठन गरिएको उच्चस्तरीय प्रशासन पुनःसंरचना आयोगले कार्य प्रारम्भ गरिसकेको छ ।

- शासकीय रूपान्तरणका लागि गरिनुपर्ने समग्र सुधारका कार्यनीति तथा कार्यक्रमहरू समावेश गरिएको एकीकृत कार्यपत्र तयार पारिएको छ ।

- सुशासन ऐन, २०६४ को प्रभावकारी कार्यान्वयनका लागि सुशासन (व्यवस्थापन तथा संचालन नियमावली, २०६५) स्वीकृति गरी लागू गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

- सरकारी निर्णय प्रक्रियालाई सरलीकरण गरी समयमा नै निर्णय दिने तथा सोको माध्यमबाट स्रोत, साधन तथा समयको बचत गरी सार्वजनिक प्रशासनको क्षेत्रमा सुशासनको प्रत्याभूति दिन सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ कार्यान्वयनमा ल्याइएको छ ।

- जनसमुदायलाई सार्वजनिक क्षेत्रबाट दिइने सेवा गुणस्तरयुक्त बनाउने अभियानकै रूपमा कम समय र लागतमा सेवा उपलब्ध गराई जनतालाई परिवर्तनको प्रत्याभूति दिन सेवा अभियानसम्बन्धी निर्देशिका, २०६५ तर्जुमा गरिएको छ र एक महिनाभित्र कार्यान्वयनमा ल्याइनेछ ।

- मुलुकमा क्यान्सरको रूपमा रहेको भ्रष्टाचारविरुद्धको अभियानलाई नागरिक समाज समेतको साझेदारीमा सशक्त बनाई मुलुकमा सुशासनको आधारशीला खडा गर्न भष्टाचारविरुद्धको रणनीति, २०६५ तयार पारिएको छ र एक महिनाभित्र कार्यान्वयनमा ल्याइनेछ ।

- राज्यको पुनःसंरचना गर्ने कार्य पूरा नहुँदासम्मका लागि सरकारवाट उपलव्ध गराइने सेवामा सर्वसाधारण जनताको पहुँच स्थापित गर्न नसकिएका दुर्गम, पहाडी तथा ग्रामीण क्षेत्रमा सेवा केन्द्र स्थापना गरी एकै थलोबाट आधारभूत सार्वजनिक सेवाहरू उपलब्ध गराउन सेवा केन्द्र स्थापनासम्बन्धी अवधारणा पत्र तयार पारिएको छ र आगामी चार महिनाभित्र मुलुकका केही स्थानमा सेवा केन्द्र स्थापना गरिनेछ ।

- सबै सरकारी तथा अर्धसरकारी निकायमा मुलुकका सबै वर्ग, जाति, जनजाति/ आदिवासी, क्षेत्र, लिङ्गका व्यक्तिहरूको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निजामती सेवा ऐनमा व्यवस्था भए बमोजिमको ४५ प्रतिशतको आरक्षणको व्यवस्था सबै निकायको शुरु नियुक्ति हुने पदहरूमा लागू गर्न सबै सार्वजनिक निकायहरूको कानूनमा संशोधन गर्ने कार्य अगाडि बढाइएको छ ।

- विभिन्न निकायमा समावेशी आधारमा उच्च पदहरूमा पदपूर्ति गर्ने नीतिअनुरूप नेपाल प्रहरीतर्फ दुईजना महिला अधिकृतलाई प्रहरी नायव महानिरीक्षकको पदमा पदोन्नति गरिएको छ । यसैगरी निजामती सेवाका विशिष्ट श्रेणीका तीन पदमा मधेशी, दुई पदमा जनजाति तथा एक पदमा महिलालाई पदोन्नति गरिएको छ ।

- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावलीविपरीत कार्य गर्ने चार वटा निकायहरूलाई कालोसूचीमा राख्ने कार्बाही गरिएको छ ।

**सार्वजनिक संचार तथा प्रेस स्वतन्त्रताः** यस अवधिमा सरकारले जनताको सुसुचित हुने अधिकारलाई सुनिश्चितता गर्न तथा प्रेसको स्वतन्त्रतालाई जोडदिँदै संचार क्षेत्रमा निजी क्षेत्रको लगानी प्रवाह हुने वातावरण सृजना गरेको छ । यस क्रममा राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा तेस्रो संशोधन गरिएको छ । श्रमजीवी पत्रकारसम्बन्धी नियमावलीमा सरोकारवालासंग पनि छलफल गरी संशोधन गर्ने कार्य अगाडि बढाइएको छ ।

- यस अवधिमा सूचनाको हकसम्बन्धी नियमावली तर्जुमाको कार्य अन्तिम अवस्थामा पुऱ्याइएको छ । रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिबाट ब्रोडब्याण्ड वायरलेस एक्सेस (WI MAX समेत) का लागि २.३-२.४ GHZ र ३.३-३.४ GHz ब्याण्ड निर्धारण गरिएको छ ।

- गोरखापत्र दैनिकको नयाँ नेपाल परिशिष्ट हालसम्म १९ भाषामा प्रकाशन भई रहेकोमा यस अवधिमा थप सात भाषामा पनि प्रकाशन हुने व्यवस्था गरिएको छ । त्यसैगरी १२ राष्ट्रिय भाषामा वार्षिक बजेटको संक्षिप्त विवरण मुद्रित गरिएको छ ।

- नेपाल टेलिकमबाट GSM BTS ६८, GSM Mobile २२२१४४, CDMA BTS ३४, CDMA ग्राहकसंख्या ८१०८९, PSTN ग्राहकसंख्या ४३५९, PSTN Capacity २१३४०, ADSL ग्राहकसंख्या

१३८००, Internet ग्राहकसंख्या ४८१ र VSAT ग्राहकसंख्या १८२ थप भएको छ । यसैगरी यस अवधिमा थप १३ हुलाक कार्यालयमा टेलिसेन्टर स्थापना गरिएको छ ।

- जुम्लास्थित FM रिलेकेन्द्रमा १४०० VA को UPS जडान गरी विद्युत् प्रसारण नियमित गरी दुर्गम क्षेत्रमा रेडियोको पहुँच बढाइएको छ । यसबाट करिब १०,००० जनसंख्या लाभान्वित भएका छन् । पाल्पाको वर्गनासदेवीस्थानमा टेलिभिजिन टावर निर्माण गर्ने कार्य पूरा भएको छ । यसबाट त्यस भेगका गुल्मी, पाल्पा, स्याङ्जा, नवलपरासी र रूपन्देहीका जनतामा नेपाल टेलिभिजनको पहुंच गुणस्तरीय र सहज भएको छ ।

**अन्य महत्वपूर्ण कार्य**: यस अवधिमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानद्वारा राष्ट्रिय वैज्ञानिक सम्मेलन आयोजना गरिएको छ भने निजी क्षेत्रको सक्रियतामा चौधौं एशियन माउन्टेन बाइक च्याम्पियनशीप प्रतियोगिता सम्पन्न गरिएको छ । संयुक्त राष्ट्रसंघ अन्तर्गतका विभिन्न मिशनमा शान्ति सेनामा भाग लिन पठाइएको छ ।

- नयाँ नेपालको निर्माणमा युवावर्गको परिचालनका लागि राष्ट्रिय युवा नीति निर्माण गर्न कार्यदल गठन गरिएको छ । यसैगरी युवा स्वरोजगार कार्यक्रमको संचालनका लागि अवधारणापत्र तयार गर्ने कार्य पूरा गरिएको छ ।

- जलवायु परिवर्तनबाट सृजित समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका लागि Nepal Adaption Plan of Action तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

- २७ जिल्लामा मागमा आधारित रोजगार एवं व्यवसायमूलक सीप अभिवृद्धि तालिम १३२४ जनालाई , १-६ महिने तालिम ३८५ जनालाई, छोटो अवधिको तालिम ४०३ जना, विशेष कार्यक्रम अन्तर्गत १०८ जनालाई तथा द्वन्दपीडित, दलित, जनजाति, अपांग र पिछडिएका महिला गरी ९९ जनालाई प्रशिक्षण दिइएको छ ।

- नेपाल संवतलाई राष्ट्रिय संवतको रूपमा मान्यता प्रदान गरी यसको प्रचलन राष्ट्रिय जीवनमा प्रयोग हुने उपायको अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिन एक कार्यदल गठन गरिएको छ । यसैगरी नेपाल प्रज्ञाप्रतिष्ठन, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठान गठन सम्बन्धमा सिफारिस गर्न संस्कृति तथा पुनःसंरचनामन्त्रीको अध्यक्षता सिफारिस समिति गठन गरिएको छ ।

- नारायणहिटी दरवार संग्रहालयलाई चार महिनाभित्र सर्वसाधारणका लागि खुला गर्न नेपाल सरकारबाट भएको निर्णय अनुसार सो संग्रहालयको प्रभावकारी रूपमा व्यवस्थापन तथा संचालन गर्ने विषयमा प्रतिवेदन प्रस्तुत गर्न एक कार्यदल गठन गरिएको छ ।

- विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भू संरक्षित स्मारक क्षेत्रमा अनियमित रूपमा निर्माण गरिएको संरचना भत्काउने कार्य शुरु गरिएको छ ।

- चीन सरकारको सहयोगमा निर्मित निजामती अस्पताल नेपाल सरकारलाई हस्तान्तरण भइसकेको र त्यसको संचालन गर्ने कार्ययोजना तयार गरी कार्यारम्भ गरिएको छ ।

- संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मसँग बाझिएका विभिन्न कानूनहरूमा एकमुष्ट सुधार गर्न विधेयक तर्जुमा गरी व्यवस्थापिका संसदसमक्ष पेश गरिएको छ । त्यसैगरी मौजुदा फौजदारी कानून तथा देवानी कानूनलाई परिमार्जन गरी सुधार गर्न सर्वोच्च अदालतका न्यायधीशको संयोजकत्वमा दुई छुट्टा छुट्टै कार्यदल गठन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

- चार पुनरावेदन अदालतमा बाणिज्य इजलाश खडा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

- न्याय सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी बनाउन विभिन्न अदालतको विद्यमान क्षेत्राधिकार पुनरावलोकन गरी सुधार गर्न सर्वोच्च अदालतका न्यायधीशको संयोजकत्वमा कार्यदल गठन गर्ने तयारी भएको छ ।

- गणतन्त्रको प्रतीकको रूपमा विभिन्न स्थानमा गणतन्त्र स्मारक निर्माण गर्न डिजाइनका लागि प्रतिस्पर्धा गरिएको छ ।

- जलवायु परितर्वनसम्बन्धी अध्ययन गर्न एक छुट्टै "Himalayan Climate Research Center" स्थापनाको प्रारम्भिक कार्य सम्पन्न भएको छ ।

- विभिन्न विकास निर्माणका कार्यलाई सरकारी जग्गा उपलब्ध गराउने नीति अनुरूप यस अवधिमा मदन भण्डारी प्रतिष्ठान, तल्लो इन्द्रावती जलविद्युत् आयोजना, धनकुटा ल्याण्ड फिल्ड साइड, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति वर्दिया, सिक्टा सिंचाई आयोजना र तेश्रो जलविद्युत् आयोजनालाई स्वामित्व सरकारमा रहने तथा कुनै पनि दृष्टिबन्धक राख्ने, बेचबिखन गर्न तथा भाडामा दिन नपाइने सर्तमा वन क्षेत्रका जग्गाको भोगाधिकार दिइएको छ ।

- पेट्रोलियम पदार्थको मूल्यमा गरिएको समायोजनसँगै सार्वजनिक सवारीका साधन, खासगरी हवाईजहाज, भाडामा चल्ने ट्याक्सी तथा डिजेलबाट चल्ने सवारीसाधनको भाडामा पनि समायोजन गरी ट्याक्सी भाडामा ७ प्रतिशत र डिजेलबाट चल्ने सवारीको भाडामा ६ प्रतिशतका दरले घटाइएको छ ।

जुनसुकै सरकारकोलागि उसको कार्यकालको पहिलो सय दिन अत्यन्त महत्वपूर्ण हुन्छ । यस अवधिमा सरकारले दीर्घकालीन कार्यक्रमका आधारहरू तयार गर्ने कार्यमा बढी समय खर्चिने गर्दछ । अन्य मुलुकहरूले पनि यस अवधिलाई मुलुकको समग्र वस्तुस्थितिको अध्ययन गरी भविष्यमा गर्न सकिने र गर्नु पर्ने कार्यहरूको सूची खडा गर्ने तथा त्यसको कार्यान्वयनको आधार र कार्ययोजना तयार गर्नमा नै उपयोग गर्ने गरेकाछन् । बृहत शान्ति सम्झौताले सृजना गरेको आधारबाट शान्तिको मार्गमा अग्रसर भएको हाम्रो मुलुक- जहाँ अहिले पनि द्वन्द्वका अवशेषहरू कुनै न कुनै रूपमा रहेकै छन्- त्यस्तो मुलुकमा आर्थिक सामाजिक रूपान्तरणको कार्य जनचाहनाअनुरूप अगाडि बढाउन गाह्रो हुन्छ नै । जनचाहना अनुरूप काम गर्न नसकिएमा जनतामा निराशा छाई द्वन्द्वले फेरि नयाँ रूप लिन सक्ने हुन्छ र हामी सबै फेरि विकासको क्रममा निकै पछाडि धकेलिने हुन्छौं । यस कुरालाई मनन गरी वर्तमान राष्ट्रिय संयुक्त सरकारले आर्थिक-सामाजिक रूपान्तरणको कार्यलाई आफ्नो प्राथमिकताको अग्रसूचीमा राखी कार्यान्वयन गर्ने इमान्दार प्रयास गरेको छ । त्यसकालागि आवश्यक नीतिगत, संस्थागत तथा कानूनी आधार तयार पार्ने कार्य तीब्रताका साथ अगाडि सारेको छ । जुन गतिमा जनताले परिवर्तनको चाहना गरेका हुन् -त्यही गतिमा परिवर्तन गर्न भने नसकिएको यर्थाथ नै हो । यसका कारण अनेक छन् । संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको मुलुकमा संक्रमणको सुव्यवस्थापन चुनौतिपूर्ण नै हुन्छ ।

यसकालागि सरकारले निकै समय खर्चिनु पर्दछ र खर्चेको पनि छ । सरकारले मुलुकमा उपलब्ध सीमित स्रोत र साधनले भ्याएसम्म जनमुखी कार्यक्रमको कार्यान्वयन गरी गरीब तथा पिछडिएका जनतालाई राहत उपलब्ध गराउन प्रयास गरेको छ । बजेटको अधिकांश हिस्सा द्वन्द्वपीडित, शहादत प्राप्त गरेका तथा वेपत्ता पारिएकाहरूका परिवार, ऋणको भारले पिल्सिएका सीमान्त किसान तथा गरीब जनताको पक्षमा खर्च गर्ने गरी विनियोजन पनि गरिएको छ, जसको परिणाम देखिन केही समय लाग्ने नै हुन्छ । तसर्थ यस अवधिमा तात्कालिक रूपमा धेरै उल्लेख्य नतिजा नदेखिने भएता पनि आगामी दिनहरूमा विकास तथा परिवर्तनको क्षेत्रमा मुलुकले लामो फड्को मार्ने सक्ने अधार भने बनेको छ । यसलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिनु पर्दछ र यिनै उपलब्धिको जगेर्ना गर्दै अगाडि बढ्नु पर्दछ ।

वर्तमान सरकार मुलुकमा विद्यमान सबै खाले समस्यालाई वार्ता, सहमति तथा सहकार्यको माध्यमबाट हल गर्दै अगाडि बढ्नु पर्दछ भन्ने मान्यता राख्दछ र आफ्नो कार्यकालको पहिलो सय दिन त्यसैअनुरूप खर्चिएको पनि छ । हामी नेपालीकै सहमति, सहकार्य तथा सत्प्रयासले मात्र हाम्रो मुलुक नयाँ बन्दछ । हामी सबैको चाहना भनेको समृद्ध, सम्मुन्नत त्यस्तो नयाँ नेपालको निर्माण हो–जहाँ समावेशी लोकतन्त्र स्थापनाको माध्यमबाट सबै नेपालीले राज्यसत्ताको उपभोग गर्न पाउनेछन् र गर्वका साथ नेपाली हुनुको अनुभूति गर्न सक्नेछन् । मुलुकले चाहेको लोकतन्त्रको आधार भनेको संघीयतामा आधारित समावेशी लोकतन्त्र हो, जहाँ बहुदलीय प्रतिस्पर्धा, कानूनी शासन, मानव अधिकार र प्रेस स्वतन्त्रता र आवधिक निर्वाचन सुनिश्चित भएको हुनेछ अनि सबै प्रतिक्रियावादी तथा अधीनायकवादी शक्तिको हार सुनिश्चित हुनेछ । संविधान सभाद्वारा सहमतिका आधारमा निर्माण हुने नयाँ संविधानले मात्र संघीय लोकतान्त्रिक गणतन्त्रका यी आधारहरूलाई संस्थागत गर्न सक्दछ । शान्ति प्रक्रियालाई तार्किक निश्कर्षमा पुऱ्याई नयाँ सविधान निर्माणमा सविधान सभालाई सहयोग पुऱ्याउँदै मुलुकमा आर्थिक क्रान्तिको आधार तयार गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको छ । यसमा सबै राजनीतिक दल, नागरिक समाज तथा सम्पूर्ण नेपाली दिदी बहिनी दाजुभाईको सहयोग र सद्भाव निरन्तर मिल्नेछ भन्ने कुरामा वर्तमान संयुक्त सरकार विश्वास गर्दछ ।